# "युवा स्वरोजगार कोष" र "कर्मभूमी समाज" विच सहकार्य, समझदारी र साझेदारी गर्ने विषयमा कार्यशाला गोष्ठी सम्पन्न



युवाहरुको श्रम र सीपलाई सदुपयोग गरी देशको विद्यमान वेरोजगारी समस्याको समाधानाका लागि वेरोजगार युवाहरुलाई स्वरोजगारका अवसरहरु सृजना गर्ने उद्देश्यले सञ्चालनमा आएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष र शिक्षित, अशिक्षित वेरोजगार, विदेशबाट फर्कका युवाहरुलाई उद्यमशील (स्वरोजगार) बनाउने उद्धेश्यका साथ स्थापना भएको कर्मभूमी समाजले आ-आफ्नै क्षेत्रमा उल्लेख्य योगदान गर्दै आएका छन् ।

वेरोजगार युवाहरुलाई स्वरोजगार बनाउने उद्धेश्यले बिना धितो सहुलियत ब्याजदरमा कर्जा लगानी गरी राखेको युवा स्वरोजगार कोषले श्रम बजारको माग, स्थानीय स्तरको आवश्यकता र युवाहरुको चाहना र क्षमता अनुसारका युवा स्वरोजगार कोषबाट कर्जा सुविधा उपयोग गरेका व्यवसायी तथा भविश्यमा कर्जा सुविधा उपयोग गर्ने संभावित व्यवसायीहरुलाई उद्यमशिलता प्रदान गरी दक्ष जनशक्ति तयार गर्ने र त्यस्ता जनशक्तिहरुलाई कोषसंग सहकार्य गरेका विभिन्न वित्तिय संस्था तथा सहकारी संस्था मार्फत कोषको नियमानुसार कर्जा लगानी गर्ने तथा आफैले साना व्यवसाय तथा लघु उद्योग स्थापना गराउने हेतुले कर्मभूमी समाजसंग समानान्तर उद्धेश्यमा सहकार्य, समझदारी र साझेदारी गर्न युवा तथा साना व्यवसायी स्वरोजगार कोष र कर्मभूमी समाज विच मिति २०७८ फाल्गुन ४ गते कार्यशाला गोष्ठी सम्मन्न भयो ।

कार्यक्रमको सभापतित्व कर्मभूमी समाजका अध्यक्ष मा. विनोद चौधरीले गर्नु भएको थियो भने प्रमुख अतिथित्यता मा. राज्य मन्त्री उमेश श्रेष्ठले गर्नु भएको थियो । कोषका कार्यकारी उपाध्यक्ष डा. देवराज रोका कल्याणको विशेष आतित्थ्तामा सञ्चालित गोष्ठी कार्यक्रममा कोषको तर्फबाट कोषका कार्यकारी निर्देशक श्री विश्वहमोहन अधिकारी र कर्मभूमी समाजका प्रमुख कार्यकारी अधिकृत श्री योगराज कंडेल शर्माले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको अन्तमा कोषको तर्फबाट कार्यकारी उपाध्यक्ष डा. देवराज रोका कल्याण तथा कर्मभूमी समाजका तर्फबाट मा. राज्यमन्त्री उमेश श्रेष्ठ, मा. इन्द्र बानिया, मा. विनोद चौधरीले कोषको नितिगत रुपमा परिवर्तन गर्नु पर्ने विषयमा उच्च स्तरमा फलफल चलाई भविश्यमा कोष र कर्मभूमी समाजका समानान्तर उद्धेश्यमा सहकार्य, समझदारी र साझेदारी गर्ने विषयमा सामूहिक रुपमा अगाडी बढ्ने दुबै पक्षको प्रतिवद्धताका साथ कार्यक्रम समापन भएको थियो ।